annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १६७ पृष्ठ ८ | काठमाडौं, शनिबार ३ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४४ | SATURDAY, OCTOBER 19, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

लामिछाने पक्राउ, सहकारी ठगी र संगठित अपराधको अभियोग

प्रहरीले रास्वपा सभापति रवि लामिछानेलाई पक्राउ गरेको छ। काठमाडौंस्थित पार्टी कार्यालयबाटै पक्राउ परेका पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेलाई पोखरा लगिएको छ। उनीविरुद्ध सहकारी ठगी र संगठित अपराधसम्बन्धी अभियोगमा अनुसन्धान हुनेछ। सूर्य थापा नेतृत्वमा बनेको सहकारी ठगीसम्बन्धी संसदीय छानबिन विशेष समितिले गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक लामिछानेले सहकारीबाट आएको रकम अपचलन गरेको ठहर गर्दै कारबाहीको सिफारिस गरेको थियो।

समाचार पृष्ठ २

दिनेश गौतम/केशरराज क्षेत्री | *काठमाडौं*

– को रिपोर्ट

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउ हुनुअघि सञ्चारकर्मी र समर्थकमाझ आफ्ना कुरा राख्दै। उनी पूर्वउपप्रधान तथा गृहमन्त्री पनि हुन्। उनलाई सहकारी ठगी र संगठित अपराधको आरोपमा शुक्रबार साँझ पार्टी कार्यालयबाटै पक्राउ गरियो। ● अभिषेक महर्जन

श्री कास्की जिल्ला [illegible]तबाट जारी भएको पक्राउ अनुमति

यसमा जिल्ला प्रहरी कार्यालय कास्कीको च.नं. 6003 [illegible] २०८१।०७।०२ गतेको पत्रमा उल्लेखित व्यक्तिहरु रवि लामिछाने, विशाल तामाङ, नविन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दिपक लामा, अनन्त वावु राई, राम बहादुर खनाल, देवेन्द्र वावु राई, विज्ञान राई, ओम प्रकाश गुरुङ, विर बहादुर रानाभाट, दिपा न्यौपाने, कल्पना कुमारी श्रेष्ठलाई पक्राउ गरी बयान लगाएतका थप अनुसन्धान गर्नु पर्ने आधार, कारण मनासिव देखिएकोले मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ९ (३) बमोजिम निजलाई पक्राउ गर्न अनुमति दिइएको व्यहोरा अनुरोध छ।

अभिशेष महर्जन

छविलाल जोशीविरुद्ध २० दिन म्याद थप

पोखरा (अन्नपूर्ण) : नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशीलाई सहकारी ठगी मुद्दामा अनुसन्धान गर्न २० दिन म्याद थप गरिएको छ। जोशीलाई थप समय थुनामा राखेर अनुसन्धान गर्न कास्की प्रहरीले कास्की अदालतबाट थप २० दिनको अनुमति दिएको हो।

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा जोशी मुछिएका छन्। पोखराका सूर्यदर्शन सहकारीको बचत ठगीको अनुसन्धानका लागि जोशीलाई असोज ६ गते पक्रेर पोखरा ल्याई जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएको छ।

पहिलोपटक असोज ७ गते ५ दिन थुनामा राख्ने अनुमति अदालतले प्रहरीलाई दिएको थियो। दोस्रो पटक ७ दिन म्याद थप भएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले सहकारी ठगी मुद्दामा जोशी पक्राउ परेको भोलिपल्ट पार्टी सभापतिलाई पनि पक्राउ गर्ने षड्यन्त्र भएको भन्दै जिल्ला प्रशासन कार्यालय कास्की अघि प्रदर्शन गरेका थिए।

रास्वपाका कार्यकताले प्रदर्शन गरेपछि सहकारी पीडितले पनि जिल्ला प्रशासन कार्यालय कास्की अघि प्रदर्शन गर्दै रास्वपा अध्यक्ष लामिछाने सहकारी ठगीमा संलग्न भएको आरोप लगाएका थिए। पूर्वगृहमन्त्रीसमेत रहेका रास्वपा अध्यक्ष लामिछानेले सरकारमा रहँदा सहकारी पीडितको पक्षमा कुनै कदम नचालेको आरोप छ। गोर्खा मिडियाका अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई, प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक जोशीको हस्ताक्षर चल्ने गरी खोलिएको खाताका विभिन्न सहकारीबाट ६५ करोड ५४ लाख ल्याएर खर्च गरिएको थियो।

जुट्दै विपक्षी, साना दल फुट्ने भय

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विपक्षी दलहरू सरकारविरुद्ध एक ढिक्का भएका छन्। सरकारले साना दल विभाजन गर्ने, तर्साउने, धम्क्याउँदै कार्य गरिरहेको भन्दै विपक्षी एकजुट भएका हुन्। संसद् भवन बानेश्वरमा प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बोलाएको बैठकमा शुक्रबार सबै विपक्षी दल सहभागी भए।

सरकारले राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन लागेको भन्दै विपक्ष दल हच्किएर बैठक बोलाएको देखिएको छ। नेकपा एकीकृत समाजवादीलगायत साना दल विभाजनको लागि एकथरी नेताहरू लागेको चर्चा छ। एकीकृत समाजवादीभित्र महाधिवेशनदेखि नै व्यापक विवाद रहँदै आएको छ।

त्यसलाई सहजीकरण गर्न सरकारले अध्यादेश ल्याउने तयारी गरेको छ। अध्यादेशमार्फत विगतमा पनि ओलीले सरकार चलाएको भन्दै विपक्षीहरूले त्यसका विरुद्ध व्यापक जनदबाबसमेत सिर्जना गर्नुपर्नेमा एकमत भएका छन्। उनीहरू संगठित रूपमा नै राजनीतिक विभाजनसम्बन्धी अध्यादेशको प्रतिवाद गर्नेमा सहमत भएका छन्। नेकपा एकीकृत



समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले साना दललाई कमजोर बनाउन अध्यादेश ल्याए त्यसको प्रतिवाद गर्ने बताए। 'बेलाबेलामा प्रधानमन्त्रीको बोलेको पनि सुन्ने गरिन्छ। दुईवटा पार्टीमात्रै रहनुपर्छ भनेर हामीले संविधान बनाउँदा दुई पार्टी सिस्टमको राज्य व्यवस्था बनाएका थिएनौं,' उनले भने, 'त्यो संविधानको बर्खिलापमा अध्यादेश ल्याएर साना दलहरूलाई कमजोर बनाउन टुक्र्याउने भूमिका हुन खोज्दै छ भन्ने चर्चा छ। त्यसको विरोध गर्छौं। उनले साना दललाई फुटाउन अध्यादेश ल्याउन गतिविधिबारे के हो भनेर प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउने पनि बताए। पाण्डेले सरकारलाई खबरदारी गर्नको विपक्षीको बैठक बसेको जानकारी दिए।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको पक्राउ गर्ने विषय पनि उठेको थियो। तर यो समाचार तयार पार्दासम्म लामिछाने पक्राउ परिसकेका छन्। संक्रमणकालीन न्यायसम्बन्धी छलफल गर्न बिहीबार बालुवाटारमा बसेको शीर्ष तीन दलको नेताको बैठकमा पनि प्रचण्डले लामिछानेको विषय उठाएका थिए। संसदीय छानबिन समितिको प्रतिवेदन कार्यान्वयन हुन्छ, लामिछानेलाई के हुन्छ भन्ने प्रचण्डले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोधेको थिए। ओली भनेका थिए, 'मैले नमान्दा मान्दै तपाईंहरूको नै जोडबलमा होइन संसदीय समिति बनेको, म त यो समिति बनाउने पक्षमा नै थिइनँ नि, समिति बनेर काम गरिसक्यो, अब समितिले दिएको सुझावअनुसार त हुनै परेन र, समितिले जे भनेको छ, त्यही हुन्छ।' यही विषयको खुलासा पनि प्रचण्डले विपक्षी दलकै बैठकमा गरेका थिए।

माओवादी केन्द्रमा उपमहासचिव शक्तिबहादुर बस्नेतले शीर्ष नेताको बिहीबारको बैठकमा अध्यक्ष प्रचण्डले यो विषयमा कुरा उठाएको बताए। 'यसलाई हामीले गम्भीरतापूर्वक उठाइरहेका छौं। हिजो अध्यक्षले प्रधानमन्त्री र गृहमन्त्रीसमक्ष पनि राख्नुभएको थियो,' उनले भने। बैठकमा बाढीपहिरो, डुबान पीडितको समस्यामा सरकारको ध्यान नदिएको विपक्षीको आरोप छ। केही दिनमा नै यस विषयमा सरकारलाई ज्ञापनपत्र दिने भएको पाण्डेले जानकारी दिए।

» बाँकी पृष्ठ ६

इजरायल आक्रमणका मुख्य योजनाकार सिनवार मारिए

जेरुसलम (एजेन्सी) : इजरायलले गाजामा उपस्थित हमासका नेता याह्या सिनवारलाई मारेको दाबी गरेको छ। गत वर्ष ७ अक्टोबरमा इजरायलमा भएको आक्रमणका मुख्य योजनाकार सिनवार रहेको बताइएको छ। उक्त हमलामा करिब १२ सय मानिस मारिएका थिए भने २ सय ५१ जनालाई बन्दी बनाइएको थियो। यसको तुरुन्तै इजरायली सेनाले पनि जबाफी कारबाही सुरु गरेको थियो।

गाजामा इजरायली सेनासँगको लडाइँमा मारिएको पुष्टि गर्दै सिनवारले आफ्नो जीवनको अन्तिम क्षणसम्म प्यालेस्टाइनको रक्षा गरेको हमासले पुष्टि गरेको छ। हमासका वरिष्ठ अधिकारी खलिल हयाले गाजामा बन्दी बनाइएका इजरायली बन्दीहरू गाजामा युद्ध नरोकेसम्म र इजरायली सेनाले घेराबन्दी र बमबारी गरिएको क्षेत्रबाट नफर्किएसम्म फिर्ता नहुने बताए।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आफ्नो जनताको विरुद्धमा इतिहासमै सबैभन्दा ठूलो नरसंहार गर्ने, हजारौं इजरायलीको हत्या गर्ने, आफ्ना नागरिकको अपहरण गर्ने कट्टर आतंकवादीलाई इजरायली बहादुर सेनाहरूले मारेको बताएका छन्।

सुनको भाउ बढेको बढ्यै

सुनिता कार्की | *काठमाडौं*

पछिल्लो समय सुनको भाउ बढेको बढ्यै छ। सुनको भाउले नयाँ माथि नयाँ रेकर्ड बनाउँदै गएको छ। यो हप्ता मात्रै सुनको भाउ प्रतितोला १ लाख ६४ हजार ४ सय पुगेको छ। सुनको भाउ २ लाखसम्म पुग्ने अन्तर्राष्ट्रिय बजारको आंकलन छ। बिहीबार १ लाख ६२ हजार ४ सय रहेको सुन शुक्रबार प्रतितोला २ हजारले बढेको हो।

दसैंपछि खुलेको बजारमा सुन प्रतितोला १ लाख ६० हजार ५ सय थियो। एक सातामै सुन प्रतितोला ३ हजार ९ सयले बढेको छ। दसैंअघि असोज २३ गते सुन १ लाख ५९ हजार १ सय थियो। चाँदी भने प्रतितोला १ हजार ९ सय ८० रहेको छ। अन्य धेरै कारणसँगै अमेरिका र युरोपका राष्ट्रिय बैंकहरूले ब्याजदर घटाउँदा त्यसको असर सुनमा देखिएको नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइलीले जानकारी दिए।

नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्य अन्तर्राष्ट्रिय बजारमा नै सुनको माग बढ्दा भाउ बढेको बताउँछन्। अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिआउन्स (२.६६ तोला) करिब २७ सय अमेरिकी डलर छ। सन् २०२७ सम्म ३ हजार प्रतिआउन्स पुग्ने अन्तर्राष्ट्रिय प्रक्षेपण सन् २०२५ मै पूरा हुने शाक्य बताउँछन्। आगामी ५-६ महिनाभित्र नेपालमा नै सुनको मूल्य

प्रतितोला करिब २ लाख पुग्ने उनी बताउँछन्।

संसारभर नै अशान्ति भइरहेकाले ठूला लगानीकर्तालाई लगानीका बाटा धेरै नहुँदा सुनमा आकर्षण बढेको उनी बताउँछन्। 'मान्छेले आफ्नो क्रयशक्ति बचाउन सुनमा लगानी गर्छन्। अन्तर्राष्ट्रिय बजारमा आर्थिक क्षेत्र डामाडोल भइरहेको अवस्थामा लगानीको क्षेत्र नहुँदा सुनमा लगानी बढेको हो', उनी भन्छन्। अन्तर्राष्ट्रिय सेयर बजार तल झर्नु, बन्ड तथा बैंकहरूमा ब्याजदर घटाउँदा, डलरको उतारचढाव, पेट्रोलियममा पनि लगानी नगर्नु लगायतका कारणहरूले पनि सुनको माग बढाएको शाक्य सुनाउँछन्।

मध्यपूर्वी एसियामा भइरहेको द्वन्द्व सुनको मूल्यवृद्धिको कारण बनिरहेको छ। इजरायल र हमासबीच जारी द्वन्द्व, लेबनानसँग पनि द्वन्द्व छेडेको र इरानलगायतका देशहरूले पनि के गर्छन् भन्ने अन्योलको स्थिति रहेको हुँदा सुरक्षित लगानीको रूपमा सुनलाई लिइएको शाक्यको विश्लेषण छ।

अमेरिकी मुद्राको उचारचढावले पनि सुनमा लगानी बढाएको महासंघ अध्यक्ष रसाइली बताउँछन्। 'करिब ५८ देशहरूले आर्थिक कमिटी गठन गरेर, उनीहरूले आफ्नै मुद्रा बनाउने र अमेरिकी मुद्राको प्रचलन घटाउने भनेर लागेका छन्,' उनले भने। छिमेकी राष्ट्रहरू चीन, भारत तथा रसियाले धेरै मात्रामा सुनको खरिद गरी सञ्चिति बढाउँदा पनि सुनको भाउ बढेको उनको भनाइ छ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्दा आन्तरिक बजारमा मागमा संकुचन आएको अध्यक्ष रसाइलीले बताए। उनका अनुसार प्रतिदिन करिब ४० किलोको सुनको बजार अहिले करिब १२-१५ किलोमा सीमित भएको छ। गत वर्षको चाडपर्व र अहिले चाडपर्वमा सुनको खपत घटेको उनी बताउँछन्। 'कारोबार बराबर देखिएको छ किनभने सुनको भाउ बढेको छ। तर, नयाँ सुनभन्दा पनि पुरानै सुनलाई बनाउने र विदेशबाट आउँदा ल्याउने २६ ग्राम र ५० ग्रामको सुनबाट नै गहना बनाउने चलन बढेको छ,' रसाइलीले भने। खपत घट्नुको कारणमा सुन आयातमा लाग्ने भन्सार दर पनि मानिएको छ। भारतमा सुन आयातमा ६ प्रतिशत लाग्ने भन्सार दर नेपालमा २० प्रतिशत छ। यसले गर्दा सिमाना जोडिएका स्थानमा भारतमा नै गएर सुन तथा गहना किन्ने प्रचलन बढेको रसाइली सुनाउँछन्।

केन्द्रीय बैंकले २० किलोको कोटा दिएको छ तर अहिले त्यति पनि खपत हुन नसेकेको देखिन्छ। महासंघले भने कोटा वृद्धि गरी ३० किलो बनाउन माग गरेको छ। सरकारसँग भन्सार दर घटाउन माग गरिरहेकाले दर घटेपछि नेपालमा नै सुन सस्तो हुन्छ र यसले खपत बढाउने हुँदा कोटा बढाउन जरुरी रहेको अध्यक्ष रसाइलीको भनाइ छ।